निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

२८ चैत २०७२, काठमाडौं ।

व्यवस्थापिका-संसद्को राज्य व्यवस्था समितिको आमन्त्रणमा निर्वाचन आयोगले आज सो समितिमा **'परिवर्तित सन्दर्भमा निर्वाचन आयोगको भूमिका र भावी कार्यक्रम'** का विषयमा आफ्नो धारणा प्रस्तुत गर्‍यो । राज्य व्यवस्था समितिका सभापति माननीय श्री दिल बहादुर घर्तीज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले आयोगका तर्फबाट आफ्नो लिखित धारणा प्रस्तुत गर्नु भयो ।

आयोगका तर्फबाट धारणा व्यक्त गर्ने क्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री यादवले आयोग आफ्नो रणनीतिक योजना अनुसार निर्वाचन सम्बन्धी तयारी कार्यमा निरन्तर अगाडि बढिरहेको जानकारी समितिलाई गराउनु भयो । आफ्नो लिखित धारणा प्रस्तुत गर्ने क्रममा आयोगका विषयमा भएको संवैधानिक व्यवस्था, प्रादेशिकताको आधारमा आयोगको संगठनात्मक संरचना, रणनीतिक योजना कार्यान्वयन, निर्वाचन आचार संहिता र त्यसको अनुगमन, निर्वाचनसम्बन्धी एकीकृत कानुनको तर्जुमा र विद्यमान कानुनमा संशोधन, निर्वाचनको लागि विद्युतीय मतदान यन्त्र तथा प्रविधियुक्त मतदाता परिचयपत्र, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, निर्वाचन शिक्षा, निर्वाचन क्रियाकलापमा प्रविधिको प्रयोग, मतदान केन्द्र पुनरावलोकन, निर्वाचन शिक्षा/मतदाता शिक्षा/तालिम तथा सूचना आदि विषयमा विस्तृत रूपमा समितिलाई जानकारी गराउनु भयो । यसै गरी आयोगको भावी कार्यक्रम र प्रमुख समस्याहरूका विषय पनि डा. यादवले आफ्नो प्रस्तुतिमा विस्तृत उल्लेख गर्नु भयो ।

प्रस्तुतिका मुख्य बुँदाहरूमा सबैको चासो र आवश्यकताको विषय बनिरहेको स्थानीय निकाय निर्वाचन, निर्वाचन मिति आयोगद्वारा तोकिने जिम्मेवारी कानुनद्वारा आयोगको हुने, निर्वाचनको काममा आयोगलाई आर्थिक स्वायत्तता दिई परोक्ष वा अपरोक्ष रूपमा सरकार वा सरकारका कुनै पनि मन्त्रालयबाट हुन सक्ने नियन्त्रणबाट आयोगलाई मुक्त गरिनुपर्ने, निर्वाचन सञ्चालन गर्ने जनशक्तिका विषयमा आयोगलाई भविष्यसम्मका लागि ढुक्क हुने अवस्था सिर्जना गर्न निजामती सेवाभित्र छुट्टै समूहको व्यवस्था गरिनुपर्ने, संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी व्यवस्थालाई अक्षरशः पालना गर्ने गराउने सन्दर्भमा आयोग अगाडि बढिरहेको, आयोगको सम्पर्क मन्त्रालयका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिनुपर्ने, संविधानको धारा १०१ र २९३ का विषयमा भएका व्यवस्था स्वतन्त्र निर्वाचन आयोगका पक्षमा नभएकाले यसतर्फ माननीय सांसद्हरूले विशेष ध्यान दिनुपर्ने, संसद्मा महिलाको प्रतिनिधित्वलाई ३३ प्रतिशत पुर्‍याउने विषयमा कानुनी सुनिश्चितता हुनुपर्ने जस्ता विषय उल्लेख भयो । यसै गरी २०७२ वैशाख १२ को भूकम्पबाट भएको क्षतिको प्रभाव आयोगको केन्द्रीय कार्यालय भवनमा पनि परेकाले ढुक्कसँग काम गर्ने वातावरण खलबलिएको कुरा पनि समितिलाई जानकारी गराइयो ।

कार्यक्रमको शुरूमा डा. यादवको प्रस्तुति पछि आयोगका माननीय निर्वाचन आयुक्त श्री इला शर्माले निर्वाचनसम्बन्धी एकीकृत कानूनको मसौदा हुँदै गरेको, राजनीतिक दलहरूप्रतिको जनतामा व्याप्त वितृष्णा हटाउन र राजनीति, दल एवं राजनीतिकर्मीहरूको छवि स्वच्छ बनाउन तथा जनताको विश्वास आर्जन गर्नका लागि पनि दलहरूमा आर्थिक पारदर्शिता हुनुपर्ने, दलहरूको आफ्नै कार्य समितिहरूमा पनि

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

समावेशिता र महिलाको ३३ प्रतिशत उपस्थितिलाई सुनिश्चित गरिनुपर्ने, स्वच्छ स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि आर्थिक तथा निर्वाचन जनशक्तिका विषयमा आयोगलाई स्वायत्तता दिइनु पर्ने जस्ता विषयमा थप प्रकाश पार्नु भयो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. यादवको धारणा सुनिसकेपछि माननीय सांसद्हरू गङ्गालाल तुलाधर, लालबाबु रावत, जयन्त चन्द, मानप्रसाद खत्री, नवीन्द्रराज जोशी, सन्त कुमार दरै, गौरी कुमारी ओली, तुलाराज विष्ट, आनन्द प्रसाद ढुङ्गानाले आयोगको धारणाप्रति सन्तुष्टि जनाउँदै आफ्ना तर्फ निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउने क्रममा आयोगलाई आवश्यक पर्ने सहयोग गर्न प्रतिवद्ध रहेको धारणा व्यक्त गर्दै थप जिज्ञासाहरू राख्नु भएको थियो ।

आयोगको धारणा सुनिसकेपछि समितिले "परिवर्तित सन्दर्भमा निर्वाचन आयोगको भूमिका र भावी कार्यक्रमका सम्बन्धमा निर्वाचन आयोगबाट प्रस्तुत भएको धारणाप्रति समितिको ध्यानाकर्षण भएको र संविधान अनुसार आयोगको जिम्मेवारी एवं कर्तव्य पूरा गर्न आवश्यक पर्ने ऐन कानूनहरूको मस्यौदा एवं निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रमहरू तर्जुमाको चरणमा पनि समितिसँग समन्वय र छलफल गरी अगाडि बढाउन समिति निर्देश गर्दछ" भनी निर्णय गऱ्यो ।

सो कार्यक्रममा आयोगका निमित्त सचिव लक्ष्मी प्रसाद यादव, सहसचिवहरू सूर्य प्रसाद शर्मा, वासुदेव गुरागाई, सुशील कोइराला, उपसचिव देशबन्धु अधिकारी र विभिन्न संचारमाध्यमका पत्रकारहरूको पनि उपस्थिति रह्यो ।

मिति : २०७२/१२/२८

(वासुदेव गुरागाईं)
सहसचिव एवं प्रवक्ता
निर्वाचन आयोग ।

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"